नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : १ | संख्या : ३ | चैत्र ११, २०७४


## भाग-४

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालयको

सूचना

## नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४

सम्वत् २०७४ सालको कार्यविधि नं. ३

**प्रस्तावना :** नगरपालिकाको समग्र स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट नगरपालिकामा प्राप्त हुने सबै प्रकारका अनुदान, नगरपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत नगरपालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वयन गरी विकास आयोजनाहरु, गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दीगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दीगो विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्‍याउन बाञ्छनीय भएकोले नलगाड नगर कार्यपालिकावाट पारित गरी नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४ जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा उल्लेखित :

(क) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) **"कार्यविधि"** भन्नाले नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४ सम्झनुपर्छ।

(घ) **"नगरपालिका"** भन्नाले संविधान र ऐन वमोजिम स्थापना भएको नलगाड नगरपालिका सम्झनु पर्छ।

(ङ) **"कार्यपालिका"** भन्नाले नलगाड नगरपालिकाको कार्यकारी अंगलाई सम्झनु पर्छ।

(च) **"जिल्ला"** भन्नाले नेपाल राज्यको ६ नम्वर प्रदेशमा पर्ने जाजरकोट जिल्लालाई सम्झनु पर्छ।

(छ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनु पर्छ।

(ज) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि आफूहरु मध्येवाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ।

(झ) **"आन्तरिक आय"** भन्नाले ऐन तथा नियमावली र नगरपालिकाको सभावाट पारित कानून वमोजिम तोकिएको दरमा नगरपालिकाले लगाएको स्थानीय कर, शुल्क, सेवा, शुल्क, दस्तुर, बिक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी सम्झनु पर्छ।

(ञ) **"गैरसरकारी संस्था"** भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र नगर सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई नगरपालिका क्षेत्रमा नगरपालिका र वडापालिका सँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ।

(ट) **"नगर सभा"** भन्नाले नेपालको संविधानको धारा २२३ र ऐनको दफा १९ वमोजिमको नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(ठ) **"निःशर्त अनुदान"** भन्नाले संघीय नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली र यस कार्यविधिको परिधिभित्र रही नगरपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी नगर सभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ।

(ड) **"विकास साझेदार"** भन्नाले नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्र संघीय निकायहरू तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनु पर्छ।

(ढ) **"मन्त्रालय"** भन्नाले संघ र प्रदेश सरकारका स्थानीय तह संग समन्वय गर्ने तोकिएका मन्त्रालय सम्झनु पर्छ।

(ण) **"राजस्व बाँडफाँड"** भन्नाले संविधान, ऐन र कानून बमोजिम नगरपालिकालाई उपलब्ध हुने रकम लाई जनाउँछ।

(त) **"लक्षित समूह"** भन्नाले महिला, वालवालिका, विपन्न, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति एवम् संघीय नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेका लक्षित वर्ग एवं समुदाय सम्झनु पर्छ।

(थ) **"स्रोत"** भन्नाले संघीय सरकार, प्रदेश सरकार तथा अन्य कुनै पनि निकायवाट नगरपालिकालाई उपलब्ध हुने अनुदान, आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ र सो शब्दले नगरपालिकाको आन्तरिक श्रोत समेतलाई जनाउँछ।

(द) **"सशर्त अनुदान"** भन्नाले संघीय नेपाल सरकार, प्रदेश सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य कुनै पनि निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा योजना, कार्यक्रम वा आयोजनाका लागि क्षेत्रगत अनुदान सम्झनु पर्छ।

(ध) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले ऐनको दफा ८४ बमोजिम नगरपालिकाको कार्यकारी सचिव भै कामकाज गर्न नेपाल सरकारबाट नियुक्त कर्मचारी सम्झनु पर्छ।

(न) **"ठूला मेशिनरी तथा उपकरण"** भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(प) **"विषयगत कार्यालय"** भन्नाले संघीय, प्रादेशिक र स्थानीय तह मातहतका कार्यालयहरु सम्झनुपर्छ ।

(फ) **"स्थानीय तह"** भन्नाले कानुन बमोजिम स्थापना भएको नलगाड नगरपालिका सम्झनुपर्छ ।

(ब) **"प्राविधिक कर्मचारी"** भन्नाले इन्जिनियर, सव-इन्जिनियर, असिस्टेन्ट सव-इन्जिनियर वा अन्य प्राविधिक सेवासँग सम्वद्ध कर्मचारी सम्झनुपर्छ ।

(भ) **"सामाजिक परीक्षण"** भन्नाले नगरपालिकाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ ।

(म) **"सार्वजनिक परीक्षण"** भन्नाले नगरपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०७४ बमोजिम नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(य) **"सार्वजनिक सुनुवाई"** भन्नाले सरोकारवाला सर्वसाधारण आमनागरिक र नगरपालिकाका पदाधिकारीहरू बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(र) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना, तालिम, अभिमुखीकरण, सीप विकास, विभिन्न विकासका काममा सामाजिक परिचालन र समुदाय सशक्तिकरण तथा सहजीकरण, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्न स्थापना भएका तथा नगरपालिका वा तोकिएका निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ र यो शव्दले विभिन्न सामुदायिक समूह/संगठन/संजाल/सहकारी/गैह्र सरकारी संस्था/क्लव/मञ्च/केन्द्र समेतलाई जनाउंदछ ।

(ल) **"आयोजना"** भन्नाले नगरपालिकाका जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि तयार पारिएका आवधिक नगर विकास योजना, वार्षिक

नगर विकास योजना, विषयगत र क्षेत्रगत गुरू योजना, रणनीतिक योजना, आवधिक र विषयगत योजनामा समेटिएका क्रियाकलाप, आयोजना र कार्यक्रम समेत सम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजम हुनेछ : (१) स्थानीय तहमा सवै प्रकारको स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माणमा सघाउ पुऱ्याउने ।

(२) आयोजना व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लेखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने ।

(३) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सम्वन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने ।

(४) सहभागितामूलक योजना प्रक्रियामा प्राथमिकीकरण, सञ्चालन एवम् कार्यान्वयनमा जनतालाई प्रोत्साहन गर्ने ।

## परिच्छेद-२

## आयोजना सञ्चालन, व्यवस्थापन र उपभोक्ता समिति सम्वन्धी व्यवस्था

**४. नगरपालिकाको आयोजना सञ्चालन :** (१) नगरपालिकाको आयोजनाहरु देहाय बमोजिम प्राप्त रकमबाट संचालित हुनेछन्:-

(क) नगरपालिकाको आन्तरिक आयबाट,

(ख) संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने निशर्त तथा शःसर्त अनुदानबाट

(ग) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त हुने अनुदान रकमबाट ।

(घ) नगरपालिकालाई प्राप्त हुने अन्य जुनसुकै प्रकारको रकम तथा अनुदानबाट,

(२) नगर सभाले वार्षिक बजेट तथा कार्यक्रम तथा विनियोजन ऐन पारित गरेपछि, स्थानीय सरकार सञ्चालन ऐनको दफा ७३ मा भएको व्यवस्था अनुसार खर्च गर्ने अख्तियारी प्राप्त भए पश्चात, आयोजना सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(३) गैर सरकारी संस्थाबाट सञ्चालन हुने आयोजना नगर सभाबाट स्विकृती लिई सञ्चालन गर्नु तथा गराउनु पर्नेछ ।

(४) नगरपालिकाले सञ्चालन गर्ने आयोजनामा गैर सरकारी संस्थाहरूको

लगानी समेत हुने अवस्थामा दुई संस्था बीच भएको संझौता अनुसार आयोजना सञ्चालन हुनेछ ।

(५) संघ तथा प्रदेश सरकारको अनुदानबाट सञ्चालन हुने विशेष आयोजना संघ तथा प्रदेश सरकारद्वारा तोकिएको प्रक्रिया बमोजिम संचालित हुनेछ ।

**५. अनुदान बाँडफाँडका आधारहरु :** (१) नगरपालिकामा उपलब्ध हुने पुँजीगत अनुदानलाई न्यूनतम शर्त र कार्य सम्पादन मापन व्यवस्था लागू नभए सम्मका लागि तपशिल वमोजिमका आधारमा नगरपालिका अर्न्तगतका वडाहरुमा बजेट विनियोजन गरिनेछ ।

| क्रम संख्या | विनियोजनका आधार | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | जनसंख्या | ६५ | |
| २ | क्षेत्रफल | २० | |
| ३ | आन्तरिक कर प्रयास | १५ | |

(२) नगरपालिकाले कार्यविधि परिमार्जन गरी बाँडफाँडका आधारहरु परिमार्जन गर्न सक्नेछ ।

(३) उल्लिखित सूत्रको सूचक जनसंख्याको हकमा तथ्याङ्क विभागबाट जनगणनाको आधार वा वस्तुगत विवरणमा तयार भएको जनसंख्याको आंकडा, भारित लागतको हकमा स्थानीय तह वित्तीय आयोगको प्रतिवेदन र क्षेत्रफलको हकमा नापी विभागको तथ्याङ्कलाई आधार मान्न सकिनेछ ।

**६. पूँजिगत खर्च :** (१) नगरपालिकाको कुल पुँजीगत रकमलाई सय प्रतिशत मानेर उक्त रकमबाट क्रमशः देहायका क्षेत्रमा देहाय बमोजिम विनियोजन गरी लगानी गर्नु पर्ने छ ।

(क) समपुरक कोष : नगर सभाबाट आयोजनागत विवरण सहितको स्वीकृत रकम

(ख) लक्षित समूह विकास कार्यक्रम : खण्ड (क) बाट विनियोजन हुने रकम घटाई उक्त रकमलाई सय प्रतिशत मानेर नगर सभावाट स्वीकृत हुने कुल पुँजीगत रकमको ८ प्रतिशत रकम

(२) नगरपालिकाको कुल पूँजिगत रकमबाट खण्ड (ख) बमोजिमको रकम घटाई बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोको ८० प्रतिशत रकमलाई पुनः सय प्रतिशत रकम मानेर कार्यक्षेत्रगत विकास निर्माण आयोजनाको लागि देहाय बमोजिम बजेट विनियोजन गर्नुपर्नेछ ।

(क) आर्थिक विकास : कुल रकमको २० प्रतिशत रकम

(ख) सामाजिक विकास : कुल रकमको २५ प्रतिशत रकम

(ग) भौतिक पूर्वाधार विकास : कुल रकमको ३० प्रतिशत रकम

(घ) वातावरण तथा विपत व्यवस्थापन : कुल रकमको १० प्रतिशत रकम

(ङ) संस्थागत विकास र सुशासन प्रवर्द्धन : कुल रकमको १५ प्रतिशत रकम

(३) प्रवर्द्धनात्मक कार्यक्रम : खण्ड (ग) बमोजिमको रकम घटाई बाँकी हुन आउने २० प्रतिशत रकम ।

(४) यस कार्यविधिको दफा ६ को उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर सभाले आवश्यकता बमोजिम क्षेत्रगत रुपमा बजेटको सीमा निर्धारण गरी हेरफेर गर्न सक्नेछ ।

७. **समपूरक कोषसम्बन्धी व्यवस्था :** (१) नगरपालिकाको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागिता गर्न सम्बन्धित नगरपालिकाले आयोजनागत रूपमा विवरण तयार गरी समपूरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउनु पर्नेछ । तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

८. **लक्षित समूह विकास कार्यक्रम :** (१) कार्यविधि बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरूमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्न सक्नेछ :(

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरूको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना ।

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना ।

(ग) सबै जातजातिका आर्थिक रूपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रूपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् क्षेत्र तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजना ।

(२) उपदफा (१) बमोजिम विनियोजन भएको रकमबाट सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत छनौट भई आएका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम वन्चितिकरण र पछाडि परेका सबै समुदाय एवम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गर्नुपर्नेछ ।

(४) लक्षित समूहमा लगानी गर्दा नेपालमा रहेका सूचिकृत जातजाति लोपोन्मुख, अति सीमान्तकृत तथा सबै जातजातिका अति विपन्न परिवारहरूलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरिबी नक्शाङ्कन, विपन्न वर्गको नक्शाङ्कन, आधारभूत सर्वेक्षणलाई आधार लिन सकिनेछ ।

(५) लक्षित समूहमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा सत्तरी प्रतिशत सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाइदा पाउने हुनुपर्नेछ ।

(६) लक्षित समूह विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम लागू भएका नगरपालिकामा सामाजिक परिचालनबाट छानिएका कार्यक्रम वा आयोजना मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

(७) लक्षित समूहको कार्यक्रम संचालन गर्दा सबै क्षेत्रलाई समेट्ने गरी सम्वन्धित लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ । लक्षित समूहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(८) लक्षित समूहको लागि छुट्याइएको बजेटबाट आयोजना तथा कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ सँगठन वा संस्था मार्फत सिधै अनुदान उपलब्ध गराउन पाइने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरू पालना गर्नुपर्नेछ ।

(९) लक्षित क्षेत्रमा गरिएको लगानी योजना तथा कार्यक्रम प्राथमिकिकरणको आधारमा गर्नु पर्नेछ ।

९. **आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास :** (१) कार्यविधि बमोजिम

छुट्याइएको रकमबाट नगरपालिकाले तीन लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सकिने छैन ।

(२) कार्यविधिको दफा ८ को खण्ड (घ) बमोजिम छुट्याइएको रकमबाट देहायका कार्यक्रमका क्षेत्रमा नगरपालिकाले प्राथमिकीकरण गरी लगानी गर्नु पर्नेछ :-

(क) सामाजिक परिचालन मार्फत वडा वस्ती स्तर वाट माग आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

(ख) स्थानीय स्तरमा सरकारी, गैर सरकारी तथा सामुदायिक संस्था र निजी क्षेत्र सँगको साझेदारीमा सञ्चालन गर्न सकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम वा आयोजनाहरू ।

**९.१. प्रवर्द्धनात्मक लगानीका क्षेत्र :** (१) कार्यविधि बमोजिम छुट्याइएको रकमबाट नगरपालिकाले एक लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैन ।

(२) कार्यविधिको दफा ८ को खण्ड (घ) बमोजिम छुट्याइएको रकमबाट दीगो विकास लक्ष्य, संघीय नेपाल सरकार र प्रदेश सरकारका दीर्घकालीन प्राथमिकता प्राप्त देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा नगरपालिकाले प्राथमिकीकरण गरी लगानी गर्नु पर्नेछ :-

(१) लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन

(२) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण

(३) शिक्षामा पहुंच र गुणस्तर प्रवर्द्धन

(४) सूचनाको हक र सुशासन प्रवर्द्धन

(५) नगरपालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुको संस्थागत क्षमता विकास

(६) आर्थिक विकासका लागि एक गाँउ एक उत्पादन सँग केन्द्रित कार्यक्रम,

(७) प्रजनन् अधिकार प्रवर्द्धन र पाठे घर खस्ने सवाल

(८) प्राथमिक स्वास्थ्य, एच.आइ.भि.र एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, स्वास्थ्य तथा पोषण प्रवर्द्धन, स्वास्थ्य सम्बन्धी अभियान र प्रचारप्रसार

(९) वातावरण संरक्षण तथा जलवायु परिवर्तन

(१०) विपद व्यवस्थापन र प्रतिकार्य

(११) दीगो भूव्यवस्थापन, सहकारी खेती, जैविक खेती, आधुनिक कृषि प्रणाली,

साना तथा सामुदायिक सिंचाइ, उन्नत बीउ विजन तथा प्रविधि विकास संग सम्बन्धी (जस्तैः हरितगृह, गोठे मल-मूत्र संकलन, कीटनाशक औषधि, आकाशे पानी संकलन, सिंचाइ प्रविधि आदि)

(१२) वाल मैत्री स्थानीय शासन र वातावरणमैत्री स्थानीय शासन प्रवर्द्धन

(१३) नगरपालिका र वडाहरुको वस्तुगत विवरण र सूचना अध्यावधिक तथा विद्युतीय सुशासन

(१४) खेलकुद विकास, शारीरिक तथा मानसिक स्वस्थ्यता सम्बन्धी कृयाकलाप

(१५) कला, साहित्य, लिपि तथा संस्कृति प्रवर्द्धन, पुस्तकालय व्यवस्थापन, सामुदायिक रेडियो,

(१६) गैर काष्ठ बन पैदाबार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रशोधनात्मक कार्य, जैविक विविधता संरक्षण

(१७) स्थानीय तथा ग्रामीण पर्यटन प्रवर्द्धन

(१८) युवा रोजगार उन्मुख शीप तथा उद्यमशीलता विकास, चालु पूंजी सहयोग

(१९) स्थानीय इतिहास, कला, संस्कृति र साहित्यको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन उद्यमशीलता विकास, पूंजी सहयोग

(२०) नविकरणीय उर्जा विकास र प्रवर्द्धन,

(२१) जीविकोपार्जन तथा गरिबी निवारणमा टेवा पुऱ्याउने कार्यक्रम,

(२२) नगरपालिकाको आन्तरिक आय अभिवृद्धि,

(२३) विपन्नता र गरिवी नक्शाङ्कन तथा अध्यावधिक गर्ने कार्य

(२४) सुरक्षित तथा मर्यादित बैदेशिक रोजगार सम्बन्धी अवसर तथा जोखिमको बारेमा सचेतना कार्यक्रम

(२५) ग्रामीण तथा शहरी सुरक्षा सुदृढीकरण सम्बन्धी कार्यक्रम

(३) प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागको आधारमा पूँजी निर्माण, सेवा प्रवाहमा गुण स्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्न सकिने छ। कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(४) प्रवर्द्धनात्मक कार्यक्रमका लागि छुट्याइएको बजेटबाट कार्यक्रम वा आयोजना संचालन गर्दा यस कार्यविधिमा उल्लिखित आयोजना कार्यान्वयन र उपभोक्ता समिति सम्बन्धी प्रावधान लगायतका प्रचलित कानून र अन्य कार्यविधिले

तोकेका प्रावधानहरू पालना गर्नु पर्ने छ ।

**१०. खर्च गर्न निषेध गरिएका विषयहरू :** (१) नगरपालिकाको कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरू गर्न पाईने छैन :-

(क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधा सम्बन्धी खर्चहरू,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च ।

(ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालनसम्बन्धी खर्चजस्ता चालू प्रकृतिका सबै खर्चहरू,

(ङ) बिमा, ऋण कारोवार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न, तर  उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई नगरपालिकाको शेयरको रूपमा लगानी गर्न बाधा परेको मानिने छैन ।

(च) राजनैतिक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ती आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) नगरपालिकाको नगर सभाबाट आयोजनागत रूपमा बजेट बाँडफाँड नगरी अबण्डाको रूपमा एकमुष्ट रकम राख्न,

(झ) नगरपालिकाको नगर सभाबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न, र

(ञ) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाइने छैन ।

(२) वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली, २०५४ तथा सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा २०६५ मा उल्लिखित प्रावधानहरूको प्रतिकूल छनौट भएका कार्यक्रम वा आयोजनामा लगानी गर्न पाइने छैन ।

(३) नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले नगरपालिकाको नगर

कार्यपालिकाबाट निर्णय नगराई चालू तथा पूँजिगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान सहयोग वितरण गर्न पाउने छैन ।

**१०.१ आयोजनाको कार्यान्वयन र व्यवस्थापन :** (१) आयोजनाहरूको प्रकृति र आवश्यकता अनुसार, आयोजनाहरु नगर कार्यपालिकाको कार्यालय, विषयगत कार्यालय, गैरसरकारी संस्था, सामुदायिक संस्था, निजि क्षेत्र तथा उपभोक्ता समिति मार्फत आवश्यक समन्वय कायम गरी दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिका सदस्यलाई आयोजना सञ्चालनका लागि तालिम आवश्यक भएमा सो समेत प्रदान गर्नु पर्नेछ ।

(३) उपभोक्ता समितिले त्यस्तो आयोजनाबाट सेवा प्राप्त गर्ने उपभोक्ताबाट नियमानुसार सेवा शुल्क असुल गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सेवा शुल्कको रकम सम्बन्धित आयोजनाको मर्मत, सम्भार र संरक्षणमा खर्च गर्नु पर्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिमको आम्दानी खर्चको विवरण उपभोक्ता समितिले अद्यावधिक गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**११. कार्यक्रम वा आयोजना कार्यान्वयन प्रक्रिया :** (१) दफा ४ को अधिनमा रहि कार्यक्रम वा आयोजना देहाय बमोजिम कार्यान्वयन हुनेछ :-

(क) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरिद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरू समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक प्रशासन नियमावलीको परिच्छेद-५ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ ।

(घ) दफा ४ को उपदफा (२) को व्यवस्था पश्चात उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित

लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । साथै यस कार्यविधि बमोजिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धी सम्झौता गर्न गरिनेछ ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनुपर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरू पूरा गर्नु पर्नेछ ।

(च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरूत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शून्य अभियानको शुरूवात गर्नुपर्नेछ । तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनको लागि बढीमा चालिस प्रतिशतसम्म पेश्की दिन बाधा पर्ने छैन ।

(छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेर मात्र सञ्चालन गर्नुपर्नेछ ।

(ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ । साथै विषयगत कार्यालय र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(झ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय तहबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा भएको स्थानमा बैंङ्कमा खाता खोली सञ्चालन गर्नुपर्नेछ । बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन गर्न सकिनेछ ।

(ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समय भित्रै उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैंले वा यस्ता निकायहरूको अनुरोधमा स्थानीय तहले खरिद व्यवस्था गर्न सक्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव

किताव राख्ने सम्वन्धमा वडा सचिवहरुले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(ठ) स्थानीय तहबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरूस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रूपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पठाउने जिम्मेवारी सम्बन्धित प्रमुख प्रशासकिय अधिकृतको हुनेछ ।

(ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग स्थानीय तहले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) नगरपालिकाले पाँच लाख रूपैयाँ भन्दा माथि लागत अनुमान भएका आयोजनाको अनुसूची १ बमोजिम आयोजनाको लगत खाता राख्नु पर्नेछ ।

(त) सञ्चालित सबै आयोजनाको आयोजना स्थलमा अनुसूची २ बमोजिम सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

(२) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी, कार्यक्रम वा आयोजना सञ्चालन गर्दा अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसंहिता लगायतका कुराहरू स्थानीय तहले थप गर्नुपर्नेछ ।

**१२. आयोजनाको लागत अनुमान सम्बन्धी व्यवस्था:** (१) स्थानीय तहले आयोजनाहरूको लागत अनुमान, नक्शा र डिजाईन स्थानीय तहको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सव ईन्जिनियर र असिष्टेन्ट सव इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनुपर्नेछ ।

(२) आयोजनाहरूको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा स्थानीय दररेटको आधारमा गर्नु गर्नेछ । यदि स्थानीय दररेट नभएको अवस्थामा जिल्ला दररेटको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई तयार गर्नुपर्नेछ । सर्वसाधारणले लागत अनुमान नवुझ्नेको विषयमा जानकारी दिन लागत अनुमान तयार गर्नेको कर्तव्य हुनेछ ।

(३) लागत अनुमान तयार गर्दा श्रममूलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट

श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नुपर्नेछ ।

**१३. उपभोक्ता समिति सम्बन्धी व्यवस्था :** उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवं कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमका प्रावधानहरू पालना गर्नुपर्नेछ :

(१) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै सातदेखि तेह्र सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरूले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(२) पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रूपमा स्थानीय स्थानीय तहको कुनैपनि पदमा आसिन व्यक्ति, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरूजु फछ्र्यौट नगरेका व्यक्तिहरू, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन ।

(३) उपभोक्ता समितिका सदस्यहरूमा कम्तीमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरू सामान्यतया साक्षर हुनुपर्नेछ ।

(४) एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एका सगोलका परिवार बाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइनेछैन ।

(५) उपभोक्ता समिति गठन गर्दा स्थानीय तहले तोकेको सम्वन्धित वडाको निर्वाचित पदाधिकारीको रोहवरमा र तोकिएको कर्मचारीबाट हुनुपर्नेछ । यसरी खटिने कर्मचारीले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(६) प्रचलित ऐन, नियम, प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको सिफारिश गरेको पाइएमा यसरी गठन वा सिफारिश गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाई समेत कारवाही हुनेछ ।

(७) उपभोक्ता समितिहरुको पदावधि ५ वर्षको हुनेछ । उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा खटिएका कर्मचारीले सम्वन्धित उपभोक्ताको बहुमतबाट उपभोक्ता समिति गठन गरी सोको जानकारी नगरपालिकाको कार्यालयलाई गराउनु पर्नेछ ।

(८) तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित स्थानीय तहले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(९) लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

(१०) स्वीकृत वार्षिक कार्यक्रम नभई विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्यसम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरूमा र आ.व.को अन्त्यमा काम सम्पन्न भैसकेको देखाई पछि काम गर्ने गरी कुनै पनि उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइनेछैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनुपर्नेछ ।

(११) तोकिएको काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाई वा कुनै आइटमको सट्टा अर्को आइटम राखि कार्य पूरा गरेको देखाई लागत अनुमानभन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालोसूचीमा राखी कारवाही गर्नुको साथै कामसम्पन्नको प्रतिवेदन दिने सम्बन्धित प्राविधिक कर्मचारीलाई समेत प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(१२) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमनसम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरूका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रूपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(१३) उपभोक्ता समितिको खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ। उपभोक्ता समितिको अध्यक्ष वा कोषाध्यक्ष मध्ये कुनै एक पदमा अनिवार्य महिला हुनुपर्नेछ। खाता संचालकहरूको तीनपुस्ते खुलाई आयोजना खाता र नगर कार्यपालिकाको कार्यालयमा अभिलेख राख्नुपर्नेछ। उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरूको अभिलेख उपभोक्ता समितिको सचिबले राख्नुपर्नेछ।

(१४) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-४ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र स्थानीय कार्यपालिका कार्यालयलाई जानकारी गराउनुपर्नेछ। नगर कार्यपालिकाको कार्यालयबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघसंस्थाको आर्थिक कारोवारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ।

(१५) उपभोक्ता समिति, गैरसरकारी संस्था वा सामुदायिक संस्थाले आफ्नो खाताबाट एकलाखभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिँदा बैंक मार्फत वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ।

(१६) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन, सामुदायिक स्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

(१७) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरू श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

(१८) श्रममूलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्ता उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ।

(१९) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि स्थानीय तहको योजना शाखा

वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(२०) स्थानीय तह र उपभोक्ता समिति वीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्यप्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

(२१) उपभोक्ता समितिलाई सम्बन्धित स्थानीय तहले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(२२) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य सम्वन्धित स्थानीय निकायको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्नेगरी गर्नुपर्दछ ।

(२३) उपभोक्ता समितिले मासिक रूपमा बैठक बस्नुपर्ने, बैठकबाट भएको निर्णय सम्वन्धित स्थानीय तहलाई जानकारी गराउने, आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसेकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने, कार्यक्रम कार्यान्वयन संग सम्वन्धित सम्पूर्ण खर्चहरूको बिल भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति बिबरण स्थानीय तहमा उपलब्ध गराउने, कामको फरफारक गराउनु अघि समीक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने, यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्वन्धित स्थानीय तहमा प्रस्तुत गर्ने आदि कार्यसम्पादन गर्नुपर्नेछ ।

(२४) उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थल, लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्यशुरू तथा सम्पन्न मिति समेत खुल्नेगरी सम्वन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन सम्वन्धित स्थानीय तहमा प्रस्तुत गर्नुपर्दछ ।

(२५) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनु पर्नेछ। यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा सम्वन्धित स्थानीय तहले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनःगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्यसम्पन्न गर्न सक्नेछ।

(२६) उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्वन्धित स्थानीय तहको हुनेछ।

(२७) उपभोक्ता समितिले कामको लागि नियमानुसार लिएको पेश्की फछर्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी सम्बन्धित स्थानीय तहमा निवेदन दिनुपर्नेछ। यस विवरणको आधारमा अघिल्लो किस्ताको पेश्की फछर्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही वरावरको रकम उपलब्ध गराईनेछ। उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ।

(२८) उपभोक्ता समितिले कार्यसम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहका प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गराउनुपर्नेछ। फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ। अन्तिम भुक्तानी दिंदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ।

(२९) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित तहले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ। यसरी आयोजनाको हस्तान्तरण भएमा सम्बन्धित स्थानीय तहको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ। यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा

आयोजना सञ्चालन कार्यविधि तयार गरी सम्बन्धित स्थानीय तहबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

(३०) स्थानीय तह आफैले संचालन गरेको वा उपभोक्ता समिति, गैर सरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत सञ्चालन गरिने तालिम, गोष्ठि, सेमिनार, अभिमुखीकरण कार्यक्रम, कार्यशालाजस्ता कार्यक्रमहरूको भुक्तानी गर्दा उक्त कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धि, कार्यक्रमका सहभागीको उपस्थिति, कार्यक्रमको कार्यतालिका, कार्यक्रममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी, कार्यक्रम संचालन गर्दाको अवस्थाका तस्वीरहरू सहित आर्थिक प्रशासन नियम बमोजिमका अन्य बील भर्पाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

(३१) उपभोक्ता समितिले आयोजनाहरू संचालन गर्दा तोकिए बमोजिमको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेबारी सम्बन्धित प्राविधिक कर्मचारी, अन्य कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजीकरण समितिको हुनेछ ।

(३२) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रूपमा पुरस्कार प्रदान गर्न सकिनेछ ।

(३३) एकलाख भन्दा कमको आयोजनाहरुमा वैकिंङ्ग खाता नखोलि उपभोक्ता समितिका अध्यक्षको नाममा चेक मार्फत भुक्तानी दिन बाधा पर्ने छैन ।

(३४) उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरुको वित्तिय तथा प्राविधिक लागत अनुमान तयार पार्दा देहाय बमोजिम समावेश गर्ने गरि व्यवस्थापन खर्चको सिमा निर्धारण गर्न सक्नेछ ।

| | |
|---|---|
| (क) रु १००००० (एक लाख) सम्म | रु.३००० |
| (ख) रु. १००००१ देखि ५००००० (पाँचलाख) सम्म | रु.५००० |
| (ग) रु. ५००००१ देखि १०००००० (दशलाख सम्म) | रु.१०००० |
| (घ) रु.१००००००१ देखि माथि | रु.१२००० |

(३५) अनुगमन तथा सहजीकरण समितिको सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) उपभोक्ता समिति वा ठेक्कापट्टा जुनसुकै प्रक्रियाबाट कार्यक्रम वा आयोजना

संचालन वा कार्यान्वयनमा अनुगमन एवम् सहजीकरण गर्न सम्बन्धित आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ हासिल गर्ने परिवार मध्येबाट सम्वन्धित वडाको निर्वाचित पदाधिकारी संयोजक रहने गरि कम्तीमा दुईजना महिला र स्थानीय सामाजिक/सामुदायिक संस्थाका एकजना प्रतिनिधि समेत रहने गरी पाँच सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको समिति ठेक्कापट्टाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा कार्यक्रम वा आयोजना प्रारम्भ हुनुभन्दा पहिले सो आयोजनामा खटिएका कर्मचारीले र उपभोक्ता समितिबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपूर्व आयोजना अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ। कार्यक्रम वा आयोजनाको अन्तिम भुक्तानी एवम् फरफारक गर्नु पूर्व यस्तो समितिको सिफारिश आवश्यक पर्नेछ।

(ग) आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परिक्षण गर्ने तथा स्थानीय तहसँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएकोनपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरूलाई र स्थानीय तहलाई सोको जानकारी गराउनु कार्यक्रम वा आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ।

(घ) समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानी र फरफारकको निम्ति सिफारिश गर्नुपर्नेछ। समितिले आफ्नो दायित्व र जिम्मेवारी निर्वाह नगरेको, भुक्तानी र फरफारकको लागि सिफारिश नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेका कार्यको भुक्तानी दिन, फरफारक गर्न लगायतका थप कार्यहरू अगाडि बढाउन बाधा परेको मानिने छैन।

(ङ) सम्वन्धित स्थानीय तहले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचार संहिता निर्धारण गर्नसक्नेछ। यस्तो व्यवस्था आयोजना सम्झौता फाराममा उल्लेख गर्नुपर्नेछ।

(च) आयोजना सुपरिवेक्षण र अनुगमन समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र सम्वन्धित स्थानीय तहलाई

उपलब्ध गराउने, आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवामा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजना सञ्चालनको क्रममा देखा परेका वाधा व्यवधान हटाउनको लागि उपयुक्त सुझाव सहितको सिफारिस सम्वन्धित उपभोक्ता समिति र स्थानीय तहमा पेश गर्ने तथा उपभोक्ता समितिले स्थानीय तहसँग गरेको सम्झौता र प्रचलित कानुन बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित स्थानीय तहमा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नु पर्नेछ ।

**१४. उपभोक्ता समिति दर्ता, नवीकरण र सम्झौता सम्वन्धि व्यवस्था :** (१) नगर सभाबाट स्वीकृत भई कार्यान्वयन हुने आयोजना संचालन गर्न गठित उपभोक्ता समितिहरुले निम्नानुसारको शुल्क तिरी उपभोक्ता समिति नगरपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ ।

(क) कूल लागत रु. ३ लाख सम्मको आयोजना रु. २००।-

(ख) खण्ड (१) भन्दा बढी लागत भई रु. ८ लाख सम्मको लागत आयोजना रु. ३००।-

(ग) खण्ड (२) भन्दा बढी लागत भई रु. १५ लाख सम्मको लागत आयोजना रु. ५००।-

(घ) खण्ड (३) भन्दा बढी लागत भई रु. २५ लाख सम्मको लागत आयोजना रु. ८००।-

(ङ) खण्ड (४) भन्दा बढी लागत भई रु.४० लाख सम्मको लागत आयोजना रु. १०००।-

(च) खण्ड (५) भन्दा बढी लागत भई रु. ६० लाख सम्मको लागत आयोजना रु. १५००।-

(छ) खण्ड (६) भन्दा बढी लागत भएका आयोजना रु.२०००।

(२) आयोजना सम्भौता पश्चात अनुसूची-५ अनुसार दर्ता अभिलेखमा दर्ता गर्नु पर्नेछ ।

(३) अनुसुची-५ अनुसार दर्ता भए पश्चात अनुसूची-६ अनुसार उपभोक्ता समितिको दर्ताको प्रमाणपत्र दिनुपर्दछ ।

(४) प्रत्यक वर्ष रु.१००।- शुल्क तिरेर उपभोक्ता समिति नवीकरण गर्नु पर्नेछ ।

(५) उपभोक्ता समितिहरुले अनुसूची-१२ बमोजिम सम्झौता दस्तुर तिर्नुपर्नेछ ।

**१५. सार्वजनिक निजी साझेदारी:** (१) स्थानीय तहले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न स्थानीय तहले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, कार्यविधि तथा अन्य कानूनी व्यवस्था अनुसार गर्नु गराउनु पर्नेछ ।

(४) स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथैयस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम कार्यान्वयन गर्न सक्नेछ ।

**१६. ठेक्कापट्टासम्बन्धी व्यवस्था:** उपभोक्ता समितिबाट कार्यसम्पन्न हुन नसक्ने जटिल तथा प्राविधिक रूपमा कठिन प्रकृतिका र साठी लाख रुपैया भन्दा माथि लागत भएका आयोजनाहरूको स्थानीय तहले प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ ।

**१७. सडक निर्माणसम्बन्धी विशेष व्यवस्था:** (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्नेक्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिन सक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपूरकता कायम हुनेगरी सञ्चालन गर्नुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरूलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनुपर्नेछ ।

(३) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनुपर्नेछ ।

तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रूपरेखा, २०६५ को परिधि भित्र रही वातावरण तथा श्रममैत्री

उपकरण प्रयोगमा बाधा पर्नेछैन ।

(४) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थानीय तह लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरूको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नुपर्नेछ ।

(५) सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रूपमा असर पुऱ्याउने खालका आयोजनाहरू तथा स्थानीय तहको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरू सञ्चालन गर्न पाइनेछैन ।

(६) सडक निर्माणसम्बन्धी कार्यसञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शुरू गरेको हुनुपर्नेछ । साथै सडकका दुबै तर्फ हरियाली कायम राख्न बृक्षारोपण समेत गर्नुपर्नेछ ।

**१८. आयोजना मर्मत संभार तथा हस्तान्तरण सम्बन्धी व्यवस्थाः** (१) एक करोड रूपैयाँभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सो भन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनुपर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची ७ बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको वार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजार मध्ये जुन कम हुन्छ त्यति रकम प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्बन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रूपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय तहबाट थप लगानी हुनेछैन ।

**१९. जनसहभागिता एवम् लागत सहभागिताः** (१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र स्थानीय निकायले अवलम्वन गरेको नीतिका अधीनमा दश प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामग्री) निर्धारण गर्नुपर्नेछ

तर सम्बन्धित स्थानीय तहबाट सोभन्दा बढी जनसहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गराइने छैन ।

**२०. आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था :** (१) स्थानीय तहले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदनको आधारमा तीस दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्ने छ ।

(२) स्थानीय तहले विषयगत कार्यालय, अन्य निकाय वा संघ संस्थाबाट सञ्चालित आयोजनाको कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) स्थानीय तहले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्ने छ । फरफारक भएका आयोजनाहरूको सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट अनुमोदन गराउनुपर्ने छ ।

**२१. प्रगति प्रतिवेदन एवम् समीक्षा सम्बन्धी व्यवस्था :** (१) नलगाड नगरपालिकाले कार्यक्रम वा आयोजनाहरूको चौमासिक र वार्षिक रूपमा प्रगति समीक्षा गर्नु पर्नेछ ।

(२) नलगाड नगरपालिकाको सभाबाट स्वीकृत बजेट र कार्यक्रमको एक प्रति सम्वन्धित निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको कर्मचारीको हुनेछ ।

२२. **मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था :** यस कार्यविधिमा उल्लिखित प्रावधानहरूको पालना भए नभएको तथा तोकिएको समय भित्रै कार्यक्रम वा आयोजना सम्पन्न गरे नगरेको आधारमा न्यूनतम शर्त र कार्य सम्पादन मूल्याङ्कन समेतको आधारमा मूल्याङ्कन समेतका आधारमा नगरपालिकाले उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी, अन्य संस्था, परामर्शदाता समिति, कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

२३. **पारदर्शिता सम्बन्धी व्यवस्था :** (१) सम्वन्धित उपभोक्ता समितिहरुले तीन लाख बढी लागत अनुमान भएका आयोजनाहरूको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी आयोजना स्थलमा राख्नु पर्नेछ ।

(२) नगरपालिकाले आफ्नो आम्दानी तथा खर्च सम्वन्धी विवरण प्रत्येक चौमासिक र वार्षिक रूपमा सार्वजनिक गर्नु पर्नेछ ।

(३) नगरपालिकाको वित्तीय र भौतिक प्रगतिबारे सर्वसाधारण एवम् सरोकारवालालाई सुसूचित गराउनका लागि आवश्यक सूचना प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३
## सुपरिवेक्षण तथा अनुगमन समिति

२४. **नगर स्तरिय आयोजना सुपरिवेक्षण तथा अनुगमन समिति :** (१) आयोजना वा कार्यक्रमको समग्र अनुगमन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगरपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ :

| | |
|---|---|
| क. नगर उपप्रमुख | - संयोजक |
| ख. प्रमूख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | - सदस्य |
| ग. आयोजना संचालन भएका सम्वन्धित वडाहरुका वडाध्यक्ष वा निजले तोकेका सदस्य एक जना | - सदस्य |
| घ. प्रमूख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी | - सदस्य |
| ङ. नगर कार्यपालिकाको सदस्य एक जना | - सदस्य |
| च. पत्रकार महासंघको प्रतिनिधि एकजना | - सदस्य |

छ. योजना शाखाको प्रमुख वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

(२) नगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरूको अनुगमन गर्ने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार नागरिक समाजका प्रतिनिधी, विषयगत शाखाका कर्मचारी, व्यवसायी, करदाता, लक्षित वर्ग, सञ्चारकर्मी तथा पत्रकारलाई समेत समावेश गराउन सक्नेछ ।

(३) कुनै पनि आयोजना वा कार्यक्रमको नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा कार्यक्रमसँग सम्वन्धित अधिकार प्राप्त अधिकारीले कुनै पनि समयमा सुपरिवेक्षण तथा अनुगमन गरी आवश्यक राय सल्लाह वा कार्यवाहीको लागि सिफारिस गर्न सक्नेछ ।

(४) आयोजना वा कार्यक्रमको अनुगमन गर्ने प्रयोजनमा सम्वन्धित वडा समितिले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

(५) आयोजनाहरुको अनुगमन, सुपरिवेक्षण वापत पदाधिकारी, कर्मचारी तथा तोकिएका प्रतिनिधीहरुलाई नियमानुसार भ्रमण खर्च उपलव्ध गराईनेछ ।

**२४.१ वडा स्तरीय अनुगमन समिति :** (१) आफ्नो वडा भित्र सञ्चालित योजनाको लागत, समय सीमा, गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न तपशिल बमोजिमको वडा स्तरिय अनुगमण समिति रहनेछ ।

(क) सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरु - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

(२) समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) समितिले योजनाको अनुगमन गर्दा देखिएका विषयका सम्वन्धमा नगर स्तरिय आयोजना सुपरिवेक्षण तथा अनुगमन समितिलाई नियमित जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-४
## विविध

२५. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) सम्बन्धी व्यवस्था : (१) नगर सभाले कुल पुँजीगत खर्चमा विनियोजन भएको रकमको ४ प्रतिशत रकम आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) मा छुट्याउनेछ ।

(२) स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता,

प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार संचालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको कन्टिन्जेन्सी रकम खर्च गर्दा कुल पूँजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईनेछ ।

(३) उपदफा (१) बमोजिम छुट्याएको रकम देहायका क्रियाकलापहरूमा मात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, डूइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी खर्च,

(ख) समावेशी र सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी खर्च,

(ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,

(घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदन सम्बन्धी खर्च,

(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्ने गराउने विषय,

(च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरू,

(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य,

(ञ) प्राविधिक कर्मचारी व्यवस्थापन तथा प्राविधिक कर्मचारीलाई दिइने फिल्ड भत्ता लगायतका सुविधाहरु

(ट) कार्यालय व्यवस्थापनका लागि आवश्यक अन्य खर्चहरु ।

२६. **फिल्ड भत्ता सम्वन्धी व्यवस्था :** आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययनसम्बन्धी आदि कार्य गर्न, अनुगमन गर्न, साथै अन्य प्राविधिक कार्य गर्नका लागि प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता उपलव्ध गराइनेछ । सो भत्ता आयोजना व्यवस्थापन सेवा खर्चवाट भुक्तान गरिनेछ । यदि सो रकम अपुग भएमा चालु अनुदानबाट समेत दिन सकिनेछ ।

(१) **फिल्ड आदेश स्वीकृत गर्नुपर्ने :** (क) प्राविधिक कर्मचारीले अनुसूची ८ बमोजिम फिल्ड आदेश स्वीकृत गर्नुपर्नेछ ।

(२) **समूहीकृत मूल्यांकन गर्नुपर्ने :** (क) एक दिन भन्दा बढी अवधिको लागि दफा १७ को उपदफा १ बमोजिम फिल्ड आदेश स्वीकृत गर्दा, पायक पर्ने स्थानका बढी भन्दा बढी आयोजनाहरुलाई समूहिकृत गरेर पेश गर्नुपर्नेछ ।

(३) **प्रतिवेदन पेश गर्नुपर्ने :** (क) दफा १७ को उपदफा १ मा उल्लेख भए अनुसार, जुन आयोजनाको लागि जुन प्रयोजनको लागि खटिएको हो सो अनुसारको प्रतिवेदन फिल्डवाट फर्किएको तीन दिनभित्र तयार गरी पेश गर्नुपर्नेछ ।

(ख) दफा १७ को उपदफा १ मा बमोजिमको प्रतिवेदन स्वीकृत भैसके पश्चात मात्रै अनुसूची-९ बमोजिमको फिल्ड बिल भरी पेश गर्न सकिनेछ ।

(४) **आयोजनागत फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्ने :**(क) प्राविधिक कर्मचारीले अघिल्लो महिनामा कम्तीमा एकपटक फिल्ड आदेश स्वीकृत गराएको योजनाको अर्को महिनाको सात गते भित्र अनुसूची १० को ढाँचामा मासिक फिल्ड भ्रमण फाँटवारी तयार गर्नुपर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम फिल्ड सुविधा दावी गर्ने कर्मचारीले आयोजनाको कार्यसम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदनको साथै प्रत्येक योजनाका लागि फिल्डमा खटिएको आयोजनागत फिल्ड भ्रमण फाँटवारी अनुसुची-१० को ढाँचामा तयार गरी पेश गर्नुपर्नेछ ।

(ग) अनुसूची-११ बमोजिम जुन उद्देश्यले फिल्ड भ्रमण गरीएको हो सो फिल्ड आदेशको अन्तिम मितिले सात दिनभित्र प्रतिवेदन पेश नगरेमा उक्त उद्देश्य बापतको दिन बराबरको फिल्ड सुविधा दावी गर्नुहुँदैन ।

(घ) एक योजनाका लागि सवै चरणमा गरी अधिकतम ३ दिन भन्दा बढीको फिल्ड आदेश स्वीकृतका लागि पेश गर्न पाईनेछैन ।

(५) **फिल्ड सुविधा :** (क) प्रतिवेदन स्वीकृत भैसकेपछि अधिकृतस्तरको कर्मचारीको हकमा प्रतिदिन रु.८०० र सहायकस्तरको कर्मचारीको हकमा रु.६०० बराबरको फिल्ड भत्ता उपलब्ध गराईनेछ ।

(ख) स्वीकृत फिल्ड आदेशको अन्तिम दिन बापत खण्ड (क) बराबरको रकमको चौथाई रकम मात्र फिल्ड सुविधा दिन सकिनेछ ।

(ग) प्राविधिक कर्मचारीले आफूले महिना भरमा काम गरेको प्राविधिक प्रतिवेदन

तथा यस कार्यविधी बमोजिम तयार गरी पेश गर्नुपर्ने कार्यविधिहरु अनुसूची निर्दिष्ट ढाँचामा भरी अर्को महिनाको सात गते भित्र पेश गरेपछि मात्रै भुक्तानी दिन सकिनेछ ।

(घ) प्राविधिक कर्मचारीहरुलाई छ कोष वा सो भन्दा सो भन्दा टाढाको दुरिमा आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, डूइङ, लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी कार्य गर्न कार्यालयबाट खटाईएमा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम अनुगमन मुल्यांकन भ्रमण खर्च उपलव्ध गराईनेछ ।

(ङ) प्राविधिक कर्मचारीहरुले आयोजनाहरुको डिजाईन गरे वापत कन्टिजेन्सी रकमबाट भुक्तानी हुने गरि स्थानीय पुर्वाधार विकास तथा कृषि सडक (डोलिडार) को नर्म्सको एक तिहाई रकमसम्म भुक्तानी दिन सकिनेछ ।

२७. **कार्यक्रम वा आयोजना सञ्चालन सम्बन्धी कार्यतालिका :** नगरपालिकाले वार्षिक कार्यक्रम वा आयोजना सञ्चालन निम्न अनुसार गर्नु पर्नेछ :-

१. चालू आर्थिक वर्षको वार्षिक कार्ययोजना निर्माण र स्वीकृति : श्रावण मसान्तभित्र ।

२. उपभोक्ता समितिको गठन र सम्झौता, ठेक्कापट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ : कार्तिक मसान्त भित्र ।

३. आयोजनाको कार्यसम्पन्न गर्ने अवधि : वैशाख मसान्तभित्र ।

४. जाँचपास र फरफारक : सम्पन्न भएको ३० दिन भित्र ।

५. आगामी आर्थिक वर्षको कार्यक्रम र बजेट सभाबाट पारित गर्ने : आषाढ मसान्त भित्र ।

२८. **कार्यक्रम कार्यान्वयन तथा सञ्चालनमा सहयोग गर्नु पर्ने :** नगरपालिकाको आफ्नो क्षेत्र भित्र सञ्चालन तथा कार्यान्वयन हुने कार्यक्रम वा आयोजनामा राजनैतिक दल, सामुदायिक संस्था, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय, वित्तिय सेवा प्रदायक, गैर सरकारी संस्था, पेशागत संस्था एवम् सबै सरकारी एवम् गैर सरकारी संस्थाले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

२९. **समन्वयमा रहि कार्य गर्नुपर्ने :** गैर सरकारी संघ सस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामूदायिक सामाजिक संघ सस्थाहरुले

नगरपालिकासंग समन्वयमा रही कार्य गर्नुपर्नेछ । अन्तराष्ट्रिय गैरसरकारी संघसस्थाको हकमा नगरपालिकासँग समन्वय गर्दा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

**३०. सम्भाव्यता अध्ययन :** (१) नगरपालिकामा कार्यान्वयन हुने एक करोड भन्दा बढी लागतका भौतिक पूर्वाधारका आयोजनाहरूको नगरपालिकाको नगर सभावाट स्वीकृत हुनु अगाडि नै सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दिगोपना सम्बन्धी न्यूनतम विषयहरू प्रतिवेदनमा समावेश गर्नुपर्नेछ ।

**३१. आयोजनाको प्राथमिकता :** नगर सभाबाट बढी प्रतिफल प्राप्त हुने दश लाख भन्दा बढी लागतका आयोजनाहरुको छनौटमा प्राथमिकता दिनुपर्नेछ ।

**३२. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**३३. कार्यविधिमा संसोधन :** नगर कार्यपालिकाले आवश्यक निर्णय गरी कार्यविधिका संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**३४. बचाऊ :** (१) नगरपालिकावाट स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ र साविकमा प्रचलित कानून अन्तर्गत भए गरेका काम कारवाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यस कार्यविधिका प्रावधानहरूलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनु भन्दा अघि नगर सभाबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यस कार्यविधिका अन्य प्रावधानहरूको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(३) नगरपालिकाको सभाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयन सम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरूको समेत पालना गर्नु पर्नेछ ।

**३५. अमान्य हुने :** यस कार्यविधिका कुनै प्रावधानहरू प्रचलित संघीय र प्रादेशिक कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

## अनुसूची १

### कार्यविधिको दफा ११ को उपदफा (१) खण्ड (ण) सँग सम्वन्धित

# आयोजना लगत खाता

| सि. नं | आयोजनाको नाम र स्थान | लागत अनुमान | कार्य सन्चालन प्रक्रियामा (चिन्ह लगाउने) | | | | | आयोजना | | | | लागत सहभागिता | | | | आयोजनावाट लाभान्वित जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विषयगत कार्यालय | गै.स.स. | उपभोक्ता समिति | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | भौतिक प्रगति | जाँचपास मिति | स्थानीय तहको अंश | अन्य साझेदारको अंश रु | उपभोक्ता समितिको अंश | जम्मा रु | पूरुष | महिला | जम्मा |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

**नोटः भौतिक प्रगति इकाईमा उल्लेख गर्नुपर्नेछ । जस्तैसडक भए किलोमिटरमा ।**

तयार गर्ने :
नाम :
पद

तयार गर्ने :
नाम :
पद :

तयार गर्ने :
नाम :
पद :

## अनुसूची २

कार्यविधिको दफा ११ को उपदफा (१) खण्ड (त) सँग सम्वन्धित

# सार्वजनिक परीक्षण

भेलाको उपस्थितिको लागि सूचना जारी गरेको मिति :
सूचनाको माध्यम :
सूचना प्रवाह गरीएका स्थान :
सार्वजनिक परीक्षण गरिएको मिति :
उपस्थिति संख्या :

| | उपभोक्ता समूहको | उपभोक्ता समितिको | स्थानीय तहको प्रतिनिधि | नगर कार्यपालिकाको प्रतिनिधि | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| महिला | | | | | | |
| पुरुष | | | | | | |

सार्वजनिक परीक्षण भएका छलफल र उपभोक्ता समितिले गरेको मुख्य निर्णयहरु (उक्त निर्णयमा उपभोक्ता समितिले गरेको कार्यहरुमा के, कसरी, कसबाट, कहाँ, कहिले, किन भन्नै प्रश्नहरुको जवाफ आउने गरि उल्लेख गर्नुपर्दछ । साथै सार्वजनिक परीक्षणकौ समयमा निम्न छलफलका विषय हुन सक्नै छन् ।

**प्रभावित छलफलको विषय**

१. योजनाको हालसम्मको भौतिक प्रगति (सेवा तथा सामाग्री)
२. खरी गरिएका सामाग्री, भुक्तानी विवरण आदि
३. कार्यान्वयनको समयमा भएका समस्या
४. डिजाइन आदिमा परिवर्तन भए सो को विवरण
५. सामाग्री/सेवा/खरीद गर्दा, अपनाइएको प्रकृया
६. योजना संचालन अवधिमा भए गरेका निरीक्षण/अनुगमन

**छलफलबाट गरीएका निर्णय**

**सार्वजनिक परीक्षणमा उपस्थित सहभागीहरुको विवरण**

| | नाम र ठेगाना | दस्तखत | क्र.सं. | नाम र ठेगाना | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

उपभोक्ता समितिको अध्यक्षको सही :
उपभोक्ता समितिको सचिवको सही :
नगरपालिका प्रतिनिधिको नाम, पद र सही :
वडा कार्यालयका प्रतिनिधिको नाम, पद र सही :

## अनुसूची ३

कार्यविधिको दफा ११ को उपदफा (२) सँग सम्वन्धित

# योजना सम्झौता फाराम

| **१. योजना सम्बन्धी विवरण** | | | |
|---|---|---|---|
| आयोजनाको नाम : | | योजना नं. : | |
| संचालन हुने स्थान : वार्ड नं. : | टोल : | वडा नं : | |
| योजनाको किसिम : | लक्षित | अन्य | |
| योजनाको वर्गीकरण : | नगरपालिका स्तरीय | वडा स्तरीय | टोलवस्ती स्तरीय |
| सम्झौता मिति : | | योजना स्वीकृत गर्ने निकाय: | |
| योजना शुरु हुने मिति : | | योजना सम्पन्न हुनुपर्ने मिति : | |
| योजनामा सलग्न सामुदायिक संगठनहरुको नाम र संख्या : | १. | | |
| | २ | | |
| | ३. | | |
| | ४. | | |
| उपभोक्ता समितिको नाम : | | | |
| **२ योजनाको मुख्य उद्देश्य :** | | | |

**३ योजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने घरधुरी तथा जनसंख्या**

**विवरण :**

| नगरपालिका | वडा नं. | नगर/वस्ती | घरधुरी संख्या | | | जनसंख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पिछडिएको वर्ग | अन्य वर्ग | जम्मा | महिला | | पुरुष | | जम्मा |
| | | | | | | पिछडिएको वर्ग | अन्यवर्ग | पिछडिएको वर्ग | अन्यवर्ग | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**४. योजनाको प्राविधिक विवरण** (यस सम्झौता अर्न्तगत संचालित योजनाको मात्र भर्नुहोला)

क) सिंचाई भए, लम्वाई (मि.) : …………सिंचित हुने क्षेत्रफल : …………(हेक्टर)

ख) विद्यालय भवन भए, कोठा संख्या : ……………….. क्षेत्रफल : …………(व.मी)

ग) सामूदायिक भवन भए, कोठा संख्या : ………….. क्षेत्रफल : ……………….(व.मी)

घ) हेल्थ पोष्ट भए, कोठा संख्या : ........... हेल्थ पोष्ट भवनको क्षेत्रफल : .....(व.मी)

ङ) खेल मैदान भए : ........................सो को क्षेत्रफल : .........................(व.मी)

च) बाटो भए, लम्वाई : ............................. कि.मी. (मोटर बाटो) वा (घोडेटो)

छ) कल्भर्ट तथा ढल भए, लम्वाई : ......................(मी) चौडाई : ..................मी

ज) पूल भए, लम्वाई .................................(मी.) प्रकार : .........................

झ) खानेपानी भए, पाईपको लम्वाई : ............ वितरण हुने धारा संख्या : ...........

ञ) लघु वल विद्युत भए, क्षमता : .................................................. (कि.वा.)

ट) बिद्युतीकरण भए, तारको लम्वाई : ...................(मी.) पोल संख्या : .............

ठ) वृक्षारोपण तथा जडिबुटी संरक्षण भए, संरक्षित क्षेत्रको क्षेत्रफल : ........(हेक्टर)

ड) प्रशोधन केन्द्र भए, प्रकार ................................ क्षमता : .......................

ढ) मिल भए, प्रकार ............................... क्षमता : .........................................

त) अन्य : (माथि उल्लेखित भन्दा अन्य प्रकारको योजना भए, विवरण दिने )

## ५. योजनाको अनुमानित खर्च व्यहोरिने श्रोतहरु :

| श्रोतहरु | | व्यहोरिने रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| अन्य संस्था भए सो को नाम र ठेगाना : | | | |
| जनसहभागिता | श्रम रु : | | |
| | नगद रु : | | |
| | सामाग्री रु : | | |
| कूल जनसहभागिता | | | |
| | | | |
| **कूल जम्मा** | | | १०० |

## २.६ उपभोक्ता समितिलाई प्रदान गरिने किस्ताको विवरण :

| किस्ता | अनुमानित निकासा गरिने मिति | नगद (रुपैयामा) | प्रतिशत |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |
| चौथो | | | |
| जम्मा | | | १०० |

**२.७.योजना सम्झौताका शर्तहरु :** उपभोक्ता समितिले योजना/संचालन गर्दा निम्न नमूना अनुसारको कार्य तालिका बनाई पेश गर्नु पर्ने छ ।

## कार्य तालिकाको नमूना

| कामको विवरण | काम | | जिम्मेवार व्यक्ति समूह |
|---|---|---|---|
| | सुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## २.५. योजनाको अनुमानित खर्च व्यहोरिने श्रोतहरु :

| श्रोतहरु | | व्यहोरिने रकम (रु) | प्रतिशत |
|---|---|---|---|
| जिविस | | | |
| गाविस | | | |
| एलजिसिडिपि | | | |
| अन्य संस्था भए सो को नाम र ठेगाना : | | | |
| जनसहभागिता | श्रम रु : | | |
| | नगद रु : | | |
| | सामाग्री रु : | | |
| कूल जनसहभागिता | | | |
| | | | |
| **कूल जम्मा** | | | १०० |

## २.६ उपभोक्ता समितिलाई प्रदान गरिने किस्ताको विवरण :

| किस्ता | अनुमानित निकासा गरिने मिति | नगद (रुपैयामा) | प्रतिशत |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |
| चौथो | | | |
| जम्मा | | | १०० |

**२.७. योजना सम्झौताका शर्तहरु :** उपभोक्ता समितिले योजना/संचालन गर्दा निम्न नमूना अनुसारको कार्य तालिका बनाई पेश गर्नु पर्ने छ ।

## कार्य तालिकाको नमूना

| कामको विवरण | काम | | जिम्मेवार व्यक्ति समूह |
|---|---|---|---|
| | सुरु गर्ने मिति | सम्पन्न गर्ने मिति | |
| | | | |
| | | | |
| | | | |

- सम्झौतामा उल्लेख भएको म्याद भित्र उपभोक्ता समितिले आयोजना सम्पन्न गरिसक्नु पर्ने छ। कुनै कारणवश योजना सम्पन्न हुन नसकेमा सम्पन्न हुन नसक्नाको औचित्यको आधारमा सम्झौताको म्याद थप गर्न सक्नेछ।
- योजनामा लाग्ने सहयोग नगर कार्यपालिकाले किस्ता बन्दीमा उपलब्ध गराउने छ। पहिलो किस्ता रकम खर्च गरिसकेपछि अर्को किस्ता माग गर्नु अगाडि उपभोक्ता समितिले पहिलो किस्तामा रकम र खर्चको सार्वजनिक परीक्षण गराउनु पर्नेछ। सार्वजनिक परीक्षण गर्ने मिति, समय र स्थान अग्रिम रुपमा सवैलाई जानकारी गराउनु पर्दछ। सो खर्च सार्वजनिक गर्ने भेलामा उपभोक्ताहरु कम्तिमा ५०%, सम्वन्धित नगरपालिका तथा वडाका प्रतिनिधिहरु, सार्वजनिक सेवामा संलग्न व्यक्ति, सरकारी/गैर सरकारी संस्थाका प्रतिनिधिलाई आमन्त्रण गरी आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्नु पर्दछ। सो समयमा भएका भौतिक तथा वित्तिय प्रगति समस्या अवलम्वन गरेका उपाय आदिको बिवरण सार्वजनिक गरी छलफल गराउनु पर्दछ।
- उपरोक्त भेलाले पहिलो किस्ता रकम खर्चको अनुमोदन गरी दोश्रो किस्ता माग गर्ने निर्णय गर्नेछ। सो निर्णयको साथ साथै नगरपालिकाबाट खटाइएका प्राविधिकले दाश्रो किस्ता माग गर्नु पर्ने छ। सो आधारमा नगरपालिकाबाट तत्कालै दाश्रो किस्ता निकासा गर्नुपर्ने छ। सोही प्रकारले तेश्रो वा अन्तिम किस्ता लिनु अघि सो भन्दा अगाडिको निकासा/खर्च पनि सार्वजनिक गर्नुपर्ने छ।
- योजनामा आवश्यक प्राविधिक नगरपालिकाबाट उपलब्ध गराईने छ।
- योजनाको इष्टिमेट गरिएको अनुमानित बिवरणमा उल्लेख भए अनुसार जनसहभागिता जुटाउनु उपभोक्ता समितिको जिम्मेवारी हुनेछ।
- नगरपालिकाबाट योजनाको निम्ति प्राप्त आवश्यक नगद उपभोक्ता समितिले सुरक्षित साथ सम्भव भए सम्म राख्न स्थानीय वैंकमा खाता खोली जम्मा गर्नुपर्ने छ र चेक मार्फत भुक्तानी गर्नु पर्दछ। प्राप्त नगद उपभोक्ता समितिले सम्वन्धित योजनामा मात्र खर्च गर्नु पर्नेछ। प्राप्त नगदको दुरुपयोग, हिनामिना वा हानी नोक्सानी गरेमा प्रचलित नियम अनुसार कारवाही हुनेछ।
- सम्झौता पत्रमा नगरपालिकाले दस्तखत गरिसकेपछि योजनाको लागि उपलब्ध गराउन मन्जुर भएको वजेट उपभोक्ता समितिको बैंक खातामा सोझै जम्मा गर्न नगरपालिका मार्फत पठाउन सक्नेछ।

- उपभोक्ता समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत सम्भार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित नगरपालिकाको वडा कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत सम्भार समितिलाई बुझाएको सामानको विवरणको एक प्रति नगरपालिकामा जानकारीको लागि बुझाउनु पर्नेछ ।
- योजना सम्पन्न भएपछि स्थानीय तहबाट जाँच पास गरी फरफारकको प्रमाण पत्र लिनुपर्दछ । साथै योजना हस्तान्तरण लिई आवश्यक मर्मत संभारको व्यवस्था सम्वन्धित उपभोक्ताहरुले नै गर्नु पर्नेछ ।
- उपभोक्ता समितिले पेश्की लिएर लामो समय सम्म योजना संचालन नगर्ने, योजनाको रकमको दुरुपयोग गर्ने, आय व्ययको विवरण दुरुस्त नराख्ने गर्नुहुँदैन । उपभोक्ता समितिको कुनै सदस्यले उपरोक्त वमोजिमको लापरवाही गरेको पाइएमा निजसँग रहेको पेश्की रकम तत्काल फिर्ता गर्नुपर्नेछ । फिर्ता नभएमा वा असल हुन नसकेमा सरकारी बाँकी सरह गरिनेछ ।
- यसमा उल्लेख नभएका कुराहरु ,सार्वजनिक खरिद ऐन,नियमावली आर्थिक प्रशासन नियमवाली तथा अन्य कानूनी व्यवस्था अनुसार हुनेछ ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर गर्दछौं ।

| उपभोक्ता समितिको तर्फबाट : | नगरपालिकाको वडाको तर्फबाट : | नगरपालिकाको तर्फबाट : |
|---|---|---|
| दस्तखत : .................. | दस्तखत : ................... | दस्तखत : ............... |
| नाम, थर : ................. | नाम, थर : .................... | नाम,थर : ................ |
| पद : अध्यक्ष | पद : | पद : |
| ठेगाना : ..................... | ठेगाना : ..................... | ठेगाना : .................. |
| मिति : ..................... | मिति : ...................... | मिति : .................. |

## अनुसूची-४
## कार्यविधिको दफा १७ को उपदफा (१४) सँग सम्वन्धित

# खर्च सार्वजनिक सूचना फाराम

मितिः ................ .
श्री ...................
.................................... कार्यालय,
मिति :

| | |
|---|---|
| १. आयोजनाकोनाम :- | २. आयोजना स्थल :- |
| ३. विनियोजित वजेट :- | ४. आयोजना स्विकृत भएको आ.व.:- |
| ५. आयोजना सम्झौता भएकोमिति :- | ६. काम सम्पन्न गर्नुपर्नेमिति :- |
| ७. काम सम्पन्न भएकोमिति :- | ८. उ.स.को बैठकले खर्च स्वीकृत गरेकोमितिः- |

**खर्चविवरण**

| | |
|---|---|
| **अ) अनुदान तर्फ** | **आ) श्रमदान तर्फ** |
| क) निर्माण सामाग्री (आयात गर्नुपर्नेसामान):- | क) निर्माण सामाग्री (स्थानीय सामाग्री) ÷ |
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| **ख) कामदार विवरण :-** | **ख) कामदार विवरण :-** |
| १. सिपालुदिन सङ्ख्या | १. सिपालुदिन सङ्ख्या |
| २. ज्यामी दिन सङ्ख्या | २. ज्यामी दिन सङ्ख्या |
| **ग) ढुवानी विवरण :-** | **ग) ढुवानी विवरण :-** |
| १. ट्रक/ट्रैक्टर भाडा | १. ट्रक/ट्रैक्टर भाडा |
| २. मानिसद्वारा ढुवानी | २. मानिसद्वारा ढुवानी |
| **घ) मेशिन तथा औजार** | **घ) मेशिन तथा औजार** |
| १. | १. |
| २. | २. |

**खर्च सार्वजनिक समयको उपस्थिति :-**

| १. उपभोक्ता समिति/समूहका पदाधिकारीहरू | २. स्थानीय सामाजिक संघ संस्थातर्फ |
|---|---|
| क) | क) |
| ख) | ख) |
| ग) | ग) |
| घ) | घ) |
| ङ) | ङ) |
| च) | च) |
| छ) | छ) |
| ज) | ज) |
| झ) | झ) |

उपरोक्त खर्च विवरण उपभोक्ता भेला तथा बैठकमा निर्णय गरी जानकारीको लागि तयार गरिएको व्यहोरा प्रमाणित गरिएको छ । साथै उपभोक्ता तथा स्थानीय सामाजिक संघसंस्थाको रोहवरमा सम्पन्न आयोजनाको निर्माण कार्यसम्पन्न भएको र सो आयोजना बारे सार्वजनिक जानकारी सवै सरोकारवालाहरू लाई यस सूचना सार्वजनिक स्थलको सूचनापाटीमा टाँस गरिएको छ ।

**द्रष्टव्य:** सार्वजनिक परिक्षण कार्यक्रममा उपस्थित सरोकारवालाको उपस्थिति अनिवार्यरूपमा संलग्न हुनुपर्नेछ ।

**रोहवर**

नाम :- ..............................    नाम :- ..............................

| ..................... | ........................ | ........................ |
|---|---|---|
| उपभोक्ता समितिको सचिव | उपभोक्ता समितिको अध्यक्ष | नगरपालिका प्रतिनिधि |

## अनुसूची-५
## कार्यविधिको दफा १४ को खण्ड (ख) सँग सम्वन्धित
## नलगाड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ................, जाजरकोट

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम | आयोजनाको कुल लागत | आयोजना/कार्यक्रम संचालन स्थान | मुख्य पदाधिकारीहरुका नाम,ठेगाना र सम्पर्क नम्बर | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष | कोषाध्यक्ष | सचिव | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ६

कार्यविधिको दफा १४ को उपदफा (३) सँग सम्बन्धित

नलगाड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

पत्र संख्या : मिति :

उ.स.दर्ता नं. : उ.स. दर्ता मिति :

### उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

श्री......................................उपभोक्ता समितिलाई जाजरकोट जिल्ला नलगाड नगर पालिका वडा नं..............................मा रहने गरि आयोजनाको सम्पन्न पश्चात मर्मत सम्भार सहितको कार्य गर्ने गरी नलगाड नगरपालिकाको आयोजना व्यवस्थापन कार्यविधि, २०७४ को दफा १४ को उपदफा (३) बमोजिम मिति २०७ / / को निर्णयानुसार उपभोक्ता समिति दर्ता प्रमाणपत्र दिईएको छ।

| उपभोक्ता समितिको नाम: | | | आयोजना स्थल : | | कुल लागत : |
|---|---|---|---|---|---|
| उपभोक्ता समितिका मूख्य पदाधिकारीहरुका विवरण | | | | | कैफियत |
| क.सं. | पद | नाम | ठेगाना | सम्पर्क नम्बर | |
| १ | अध्यक्ष | | | | |
| २ | कोषाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |

पेश गर्ने प्रमाणित गर्ने

योजना सहायक योजना शाखा प्रमुख

## अनुसूची ७
## कार्यविधिको दफा १८ को उपदफा (२) सँग सम्वन्धित
## आयोजना हस्तान्तरण फाराम

| सि.नं. | योजनाको नाम र स्थान | योजनाको | | निर्माण प्रक्रियामा चिन्ह लगाउने | | | | | | योजनाको | | | योजना हस्तान्तरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लागत अनुमान | खुद लागत | उपभोक्ता समिति | सामुदायिक संस्था | गैसस | विषयगत कार्यालय | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | जाँचपास मिति | मिति | जिम्मा लिने निकाय | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

आयोजना वुझाउनेको दस्तखत :
पद :
मिति :

आयोजना वुझ्नेको दस्तखत :
पद :
मिति :

**हस्तान्तरणका शर्तहरु :**

क) हस्तान्तरण भएका योजनाहरुको मर्मत सम्भार सम्बन्धमा सम्वन्धित बुझिलिने निकायले जिम्मा लिनुपर्नेछ ।

ख) हस्तान्तरीत आयोजनाबाट सरोकारवाला सवैको सहभागितामा लाभको वाँडफाँडको प्रतिफल सम्वन्धमा उपभोक्ता समितिको निर्णयबाट गराउनु पर्नेछ ।

ग) सेवा शुल्क असूल गर्न नगरपालिकाको पूर्व सहमति लिनु पर्नेछ ।

घ) मर्मत संभार सम्वन्धी व्यवस्था कार्यविधि समेत वनाई व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) यो फाराम अभिलेखको लागि एक प्रति कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

**अनुसूची ८**

**कार्यविधिको दफा २६ को उपदफा (१) को खण्ड (क) सँग सम्वन्धित**

**नलगाड नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**दल्ली, जाजरकोट** ६ नं प्रदेश नेपाल

# फिल्ड आदेश

संख्या :-

मिति :

१. नाम :-

२. दर्जा :-

३. विभागको नाम :-

४. भ्रमण गर्ने स्थान :-

५. भ्रमणको उद्धेश्य :-

६. भ्रमण गर्ने अवधि :- देखि सम्म

७. भ्रमण गर्ने साधन :-

८. भ्रमण निमित्त पेश्की :-

भ्रमण भत्ता :-

दैनिक भत्ता :-

९. भ्रमण सम्बन्धि अन्य आदेश :-

---

| ... ... ... ... ... .. | ... ... ... ... ... .. | ... ... ... ... ... .. |
|---|---|---|
| भ्रमण गर्ने अधिकारी | सिफारिस गर्ने अधिकारी | स्वीकृत गर्ने अधिकारी |

वजेट नं.... ... ... ... ... बाट नगद/चेक नं.... ... ... ... ... ... रु. ... ... ...

अक्षरुपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .. .. .. ..दिइएको छ।

---

## अनुसूची ९

### कार्यविधिको दफा २६ को उपदफा (३) सँग सम्वन्धित

### नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

### दल्ली, जाजरकोट

# दैनिक तथा भ्रमण खर्चको बिल

नाम :

दर्जा खुल्ने: कर्मचारीको स्थायी ठेगाना : नत्थी रसिद विल आदिको संख्या

कार्यालय : भ्रमणको उदेश्य :

| प्रस्थान | | पहुँच | | भ्रमण साधन | भ्रमण खर्च | दैनिक भत्ता | | | फुटकर खर्च | | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थान | मिति | स्थान | मिति | | | दिन | दर | जम्मा | विवरण | जम्मा | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | १३ | १४ | १५ | १६ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

| | |
|---|---|
| 1. भ्रमण खर्च (महल ६) को जम्मा रु | |
| २......दिनको भ्रमण भत्ता (महल ९) को जम्मा | |
| ५. कुल जम्मा (महल १५) को जम्मा रु | |
| ६. भ्रमण पेश्की रु | |
| ७. खुद भुक्तानी पाउने रकम रु | |

स्वीकृत भ्रमण आदेश नं. :

मिति :

पेश भएको व्यहोरा ठीक छ झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहने छु, बुझाउने छु ।

भ्रमण गर्ने कर्मचारीको दस्तखत :

## अनुसूची १०

**कार्यविधिको दफा २६ को उपदफा (२) सँग सम्वन्धित**

**नलगाड नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**दल्ली, जाजरकोट** ६ नं प्रदेश नेपाल

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट

**विषय :-** मासिक फिल्ड भ्रमण फाँटवारी

मिति .......... साल .............. महिनामा यस नगरपालिका अन्तरगतका निम्न वडाका योजनाहरुमा निम्नानुसारको फिल्ड भ्रमण गरीएको व्यहोरा अनुरोध छ.

| सि.नं. | फिल्ड भ्रमण गरिएको वडा नं र ठाउँ | योजनाको नाम | मिति | उद्देश्य | प्रतिवेदन पेश गरे/नगरेको | उपभोक्ता समितिका अध्यक्ष/सचिव/कोषाध्यक्ष को हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**<u>पेश गर्ने</u>** **<u>सदर गर्ने</u>**

नामथर दर्जा हस्ताक्षर नामथर दर्जा हस्ताक्षर

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदनरफिल्ड आदेशसंग भिडाई पेश गरेको छु । अन्यथा ठहरे सहुँलारबुझाउँला ।

## अनुसूची ११

**कार्यविधिको दफा २६ को उपदफा (२) सँग सम्वन्धित**

**नलगाड नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**दल्ली, जाजरकोट** **६ नं प्रदेश नेपाल**

फिल्ड भ्रमण फाँटवारी नं.

**विषयः- योजनागत फिल्ड भ्रमण फाँटवारी ।**

श्री नलगाड नगरपालिका

..................................

यस नगरपालिका अन्तरगतका निम्न योजनामा निम्न मितिमा फिल्ड भ्रमण गरी प्रतिवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

| सि.नं. | योजनाको लई तयार गर्न तोक भएको मिति | लई तयार गरी स्वीकृत भएको मिति | अनुगमन/रनिङबिल उद्देश्यले फिल्ड भ्रमण भएको मिति | अनुगमन/रनिङबिल प्रतिवेदन स्वीकृत भएको मिति | कार्यसम्पन्न उद्देश्यले फिल्ड भ्रमण भएको मिति | कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भएको मिति |
|---|---|---|---|---|---|---|
| **वडा नं. योजनाको नाम** | | | | | | |
| | | | | | | |
| **वडा नं. योजनाको नाम** | | | | | | |
| | | | | | | |
| **वडा नं. योजनाको नाम** | | | | | | |
| | | | | | | |
| **वडा नं. योजनाको नाम** | | | | | | |
| | | | | | | |
| **वडा नं. योजनाको नाम** | | | | | | |
| | | | | | | |

**पेश गर्ने** **सदर गर्ने**

नामथर दर्जा हस्ताक्षर नामथर दर्जा हस्ताक्षर

यस फाँटवारीमा उल्लिखित तथ्यहरु सम्बन्धित प्रतिवेदनरफिल्ड आदेशसंग भिडाई पेश गरेको छु । अन्यथा ठहरे सहुँलारबुझाउँला ।

## अनुसूची-१२

### कार्यविधिको दफा २६ को उपदफा (२) सँग सम्वन्धित

### नलगाड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**दल्ली, जाजरकोट** **६ नं प्रदेश नेपाल**

| क.स. | आयोजनाको लागत | सम्झौता दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| १. | रु. १,००,०००।० (एकलाख सम्म) | ५००।० (पाँचसय ) | |
| २. | रु. १,००,००१।० देखि ३,००,०००।० सम्म | १०००।० (एकहजार) | |
| ३. | रु. ३,००,००१।० देखि ५,००,०००।० सम्म | १,२००।० (एकहजार दुईसय) | |
| ४. | रु. ५,००,००१।० देखि १०,००,०००।० सम्म | १,५००।० (एकहजार पाँचसय) | |
| ५. | रु. १०,००,००१।० देखि २०,००,०००।० सम्म | २,०००।० (दुई हजार ) | |
| ६. | रु. २०,००,००१।० देखि ५०,००,०००।० सम्म | ३,०००।० (तीन हजार) | |
| ७. | रु. ५०,००,००१ देखि १,००,००,०००।० सम्म | ५,०००।० (पाँच हजार) | |
| ८. | रु. १,००,००,००१ भन्दा माथि | १०,०००।० (दश हजार) | |

**आज्ञाले,**
**सुरेन्द्र सिंह**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**